## क्यालगरीस्थित जातीय सांस्कृतिक परिषद
### इथ्नो-कल्चरल काउन्सील अफ क्यालगरी (**ECCC**), अलवर्टा

**विषयपत्र – जातिगत विवरण**

**परिचय–** ओन्टारियो मानव अधिकार परिषद अनुरुप जातिय विवरण भन्नाले सार्वजनिक सुरक्षाको निम्ति व्यक्तिविशेषको नभई कुनैपनि जाति, रंग, वर्ण, धर्म वा यी सबैको एकमुष्ठ हकहितको निम्ति उठाइएको कार्य हो जसमा उमेर र लिगंले विवरण संकलन गर्ने कार्यमा फरक पार्न सक्छ ।

जातीय विवरणअनुरुप मानिसको व्यक्तिगत चरित्रले उसले गर्नसक्ने गैरकानुनी क्रियाकलापहरु इंगित गर्छ । यो आपराधिक विवरण भन्दा भिन्न हुन्छ  तसर्थ शंकास्पद गतिविधीको सूचना वा वास्तविक क्रियाकलापमा निर्भर गर्छ ।

ओन्टारियो मानव अधिकार परिषदमा संलग्न विवरणोन्मुख सन्दर्भहरु–मध्ये सुरक्षा र सीमा नियन्त्रण जस्ता कानुनी प्रचलन, विद्यालयजस्ता आमसंस्थाहरु, सुरक्षाकर्मीहरु, काम दिने व्यक्तिहरु, घरबाहाली गर्दा, सेवा प्रदानगर्ने मानिसहरु अथवा अपराध न्याय विधान आदि जस्ता विषयहरु पर्दछन् ।

डिसेम्बर ९, २००३ मा ओन्टारियो मानव अधिकार परिषदले जातिगत विवरणको बारेमा "जातीय विवरणको मुल्य चुकाउनु" नामक विस्तृत जानकारी तयार पारेको थियो, जसमा संकलित यसका असरहरुमध्ये सबैभन्दा महत्वपूर्ण कुनैपनि व्यक्तिभित्र अपमान र हीनतावोध जस्ता नकारात्मक भावनाको जागृति हुनु हो ।

"मैले आफैमाथि शंका गर्न थालेको छु" "सबैकुरामा योग्य हुँदाहुँदैपनि गोरावर्गसामु मलाई हीनताबोधले सताउँछ " जस्ता उदाहरणहरु समाजमा प्रचुर छन् ।

जातीय विवरणको अनुभव भित्र शंका उपशंका, रीस, कुविचार, डर त्रास, आदि जस्ता नकारात्मक कुराहरु पर्दछन् साथै शिक्षक, सरकारी ओहदाका र सुरक्षा निकायका व्यक्तिहरुबाट जनमानसको विश्वास उठ्नु पनि यसमा पर्दछन्  ।

त्यसमापनि मानिसहरु पुलिसंलाई विश्वास र सहायता गर्न चाहँदैनन् ।
जातीय विवरण संकलनले जनमानसमा अविश्वासको सृजना गर्ने मात्र नभई समाजमा नागरीक–भावना घटाउँछ फलस्वरुप त्यहाँ एउटा भिन्नै संस्कृतिको सृजना हुन जान्छ जसमा कानूनलाई मान्नुको साटो अवहेलना गरिन्छ । क्यानेडियन समाजमा जातिय विवरणात्मकताको एउटा प्रत्यक्ष नतिजा "नगण्य नागरिकताको किसिम र एकांकीपन" हो । जानकारी अनुरुप प्रत्यक्ष निम्न समुदायको रुपमा चिनिएका ओन्टारियोमा बसोबास गर्ने २ लाख भन्दा बढी

बासिन्दाहरु आफूलाई क्यानेडियन समाजमा समान नागरिक सरह अनुभव गर्दैनन् । यस्तो अनुभव गैरआवासिय व्यक्तिहरुको मात्र नभई पूर्खादेखि त्यहाँ बसेका नागरीकहरुको पनि छ । “९० प्रतिशत जीवन क्यानडामा बिताएपनि मैले अपमानित र उपहासित जीवन बिताईरहेको छु । यहाँको गोराहरुको झैं निर्भिग्न र सुरक्षित जीवन मेरो पनि होस् जस्तो लाग्छ” आदि आम जनधारणा हुन् ।

जातिगत विवरणत्मकताले पार्ने दूई असरमध्ये एउटा समाज विभाजन हो । व्यक्ति आफू आफ्नो समाजको भनेर चिनिन चाहँदैन र भागिरहन्छ । मोहम्मद नामको एउटा केटोले आफू Joe भनेर चिनिन चाह्यो । यसको अर्को नतिजा आफ्नै स्वच्छन्दतामा तगारो लाग्नु पनि हो । जातीय विवरण दिएपछि कतिपय व्यक्तिहरुले आफ्नो दैनिक कार्यशैलीमा फेरबदल लेराएका छन् र बाबुआमाले पनि कतिपय कुरामा छोराछोरीमाथि प्रतिबन्ध लगाएका छन् ।

अमेरिकन मनोवैज्ञानिक संगठन र अन्यसंस्थाले पनि जातीय विवरणको मनोबैज्ञानिक असरको वयान गरेका छन् । डर, त्रास, लघुताभास, असहायपन जस्ता नैराश्यताहरु यसका उपजहरु हुन्।

## कार्य निम्ति सिफारिश

क्यालगरीको ECCC ले जातीय विवरण सन्दर्भमा सामाजिक मंचको एउटा डफ्फा तयार गर्‍यो जसमा विविध संस्थाहरुले भाग लिए ।

यसअर्न्तगत जातिगत बिवरणको क्षेत्रीय आँकडा तयार पार्ने र यसका प्रभावबारे प्रकाश पार्ने, नागरिक अधिकारको सुरक्षा जस्ता विषयहरुको ऋखंलावद्ध जाँच गर्ने, समाजमा अवस्थित हरेक वर्गहरुलाई प्रभावकारी रुपमा सम्बोधन र संवर्द्धन गर्ने, आवश्यक सीप, निर्देशनको विकास गरी समाजका युवा र सदस्यहरुलाई उचित टेवा प्रदान गर्ने, जातीय बिवरणका कार्यकारिणी प्रभावहरुका बारेमा जागरण उठाउने, संञ्चार माध्यमलाई यथासक्य प्रयोगमा लेराउने, निम्न समुदाय समाजको दैनिक तथ्यहरुलाई विवरणमा समावेश गर्ने, विविध कार्यक्रमका आयोजना गर्ने, आदि महत्वपूर्ण कार्य पर्दछन् ।

**References**

http://www.ohrc.on.ca/english/consultations/racial-profiling-report-fact1.shtml

Paying the Price: The Human Cost of Racial Profiling. Ontario Human Rights Commission, December 9, 2003.

Securing an Open Society: Canada’s National Security Policy. Government of Canada. April 30, 2004.